नेपाल सरकार

# पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरवार

# नागरिक उड्डयनसंग सम्बन्धित संस्थालाई ईजाजत दिने सम्बन्धी कार्यविधि, २०६६

(मन्त्रिस्तरीय मिति २०६९।०६।११को निर्णयानुसार थप र संशोधित)

# नागरिक उड्डयनसंग सम्बन्धित संस्थालाई ईजाजत दिने सम्बन्धी कार्यविधि, २०६६

नेपाल सरकारले वायसेवा संचालन संस्था र हवाई उडान प्रशिक्षण संस्थालाई इजाजत प्रदान गर्ने सम्बन्धी देहायको कार्यविधि जारी गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम *"नागरिक उड्डयनसंग सम्बन्धित संस्थालाई ईजाजत दिने सम्बन्धी कार्यविधि, २०६६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **इजाजत पत्र लिनु पर्ने** : *गैर सैनिक हवाई उडान ऐन,२०१५ को दफा ३(२)च मा उल्लेख भए अनुसारको व्यवसाय गर्न चाहने संस्थालाई यसै कार्यविधिको आधारमा ईजाजत-पत्र प्रदान गर्न सकिने छ । **ईजाजत पत्र नलिई नागरिक उड्डयनसंग सम्वन्धित संस्था संचालन गर्न हुँदैन** ।

३. **इजाजत पत्रका लागि निवेदन दिन पर्नेछ** : इजाजत पत्र लिन चाहने संस्थाले अनुसूची-१ अनुरुप निवेदन दिनु पर्नेछ । निवेदनसाथ देहायको विवरण संलग्न गर्नुपर्नेछ र पेश गरिएको प्रत्येक कागजातमा निवेदकको दस्तखत र संस्थाको छाप हुनपर्नेछ ।

(क) निवेदनको ढाँचामा उल्लेख भएका विवरणहरु स्पष्ट रुपमा भरिएको हुन पर्नेछ ।

(ख) संस्थाको तर्फबाट कार्य गर्ने सम्पर्क व्यक्तिको आधिकारिक प्रमाण पत्र ।

(ग) मुख्य मुख्य शेयर धनी वा लगानीकर्ताको नागरिकताको प्रमाणित प्रतिलिपि ।

(घ) संचालन गर्न चाहेको व्यवसायको क्षेत्रगत सम्भाव्यता अध्ययन प्रतिवेदन २ प्रति ।

(ङ) सम्भाव्यता अध्ययन गर्ने संस्थाको विस्तृत विवरण योग्यताको प्रमाण ।

(च) निवेदनमा समावेश भएका कागजातहरुको सूची ।

स्पष्टिकरण : यस कार्यविधिको प्रयोजनका लागि

"सम्भाव्यता अध्ययन" भन्नाले देहायका विषय खुलेको कागजात सम्झनु पर्छ ।

**(क) आर्थिक क्षमता**

- पूँजीको संरचना
- चूक्ता पूँजीको प्रमाण वा पुष्ट्याई
- गत तीन वर्षका आय-व्यय विवरण (संचालनरत संस्थाको हकमा)

* मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट संशोधित

**(ख) संस्थागत**

- संगठन संरचना
- नीति, नियम
- व्यवस्थापकीय संरचना
- कार्य संचालन सम्बन्धी व्यवस्था
- मर्मत सम्भार तथा गुणस्तर नियन्त्रण व्यवस्था

**(ग) प्राविधिक**

- उपकरणहरुको विस्तृत विवरण संख्या, किसिम (वायुयान लगायत)
- प्राप्त गर्ने तरिका र उपयोग प्रक्रियाको विश्लेषण
- संचालन (अपरेशनल) योजना
- प्राविधिक जनशक्ति विकास योजना (विदेशी जनशक्ति प्रयोग गर्ने भएमा के कस्ता कति अवधिको)
- प्राविधिक पूर्वाधार विकास योजना

**(घ) व्यवसायिक**

- अन्तर्राष्ट्रिय/राष्ट्रिय ट्राफिक विश्लेषण
- आफूले सेवा संचालन गर्न चाहेको क्षेत्र तथा रुटको ट्राफिक विश्लेषण
- हवाई सेवा सम्झौताबाट प्राप्त सिट क्षमता र आफूले संचालन गर्न चाहेको रुटमा ट्राफिक अधिकार पर्याप्त भए नभएको ? नभएको भए के कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ ? सो को विश्लेषणात्मक अध्ययन ।
- संस्थाको व्यवासायिक योजना र कार्य योजना ।
- संचालक तथा व्यवस्थापकहरुको योग्यता र अनुभव
  (आन्तरिक सेवा संचालनको लागि हवाई सेवा सम्झौताको विवरण आवश्यक नपर्ने)

## ४. **समिति सम्बन्धी व्यवस्था :**

(१) वायुसेवा संचालन गर्न चाहने संस्थालाई इजाजत पत्र दिन उपयुक्त हुने वा नहुने सम्बन्धमा सिफारिश गर्न मन्त्रालयले वायुसेवा सम्बन्धी हेर्ने महाशाखा प्रमुखको अध्यक्षतामा पाँच सदस्यीय एक मूल्यांकन समिति गठन गर्ने छ । समितिले आवश्यकता अनुसार विज्ञकबो सेवा लिन सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोके अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले निवेदनसाथ पेश भएका कागजातको आधारमा अन्तर्राष्ट्रिय वायुसेवाको अनुसूची - २ (क) र आन्तरिक वायुसेवाको अनुसूची -२(ख) अनुसार अंकभार निर्धारण गरी मूल्यांकन साथ सिफारिश सहितको प्रतिवेदन पेश गर्नेछ ।

(५) समितिले आफ्नो कार्य छिटो छरितो र समयमै सम्पन्न गर्न निम्न अनुसारको व्यवस्था गर्नेछ :-

(क) समितिको सचिवालयको कार्य गर्न/गराउन कार्यबोझ अनुसार महाशाखा प्रमुखले आफ्नो मातहतमा रहेका अधिकृत कर्मचारी कर्मचारीलाई तोक्न सक्नेछ ।

(ख) समितिका अध्यक्षको निर्देशन अनुसार समितिको बैठक बोलाउने, समितिको माइन्यूट गर्ने, समितिलाई आवश्यक पर्ने कागजात तयार गर्ने र कागजातहरुको अध्यावधिक रेकर्ड सुरक्षित राख्ने, इजाजतको रजिष्ट्रेशन, नविकरण र इजाजत सम्बन्धी सम्पूर्ण प्राविधिक, प्रशासनिक कार्य गर्ने गराउने जिम्मेवार खण्ड (क) मा उल्लेख भएको अधिकृतको हुनेछ ।

(६) अन्तर्राष्ट्रिय वायुसेवा संचालन सम्बन्धी परेका निवेदनको मूल्यांकन तीन दिन भित्र र आन्तरिक वायुसेवा संचालन सम्बन्धी निवेदनको मूल्यांकन पन्ध्र दिन भित्र र अन्य निवेदनको निकासा सात दिन भित्र गरिनेछ ।

(७) मूल्यांकन समितिको सदस्य एवं पदाधिकारीहरुको सुविधा आर्थिक नियम तथा निर्देशिका अनुसार स्वीकृत भए बमोजिम हुनेछ ।

## ५. <u>प्रस्ताव स्वीकृत</u>

प्रस्ताव स्वीकृति सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) मन्त्रालयले समितिको सिफारिश र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र औचित्यताको समेत विचार गरी मनासिब देखेमा प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(ख) प्रस्ताव स्वीकृतको जानकारी निवेदकलाई ३ दिन भित्र दिइनेछ ।

(ग) प्रस्ताव स्वीकृती भएको सूचना प्राप्त मितिले ७(सात) दिन भित्र अनुसूची-३ बमोजिमको दस्तुर तथा रुट रोयल्टी सम्बन्धित संस्थाले बुझाउनु पर्नेछ ।

(घ) समयमा रुट रोयल्टी तथा धरौटी दाखिला नगर्ने संस्थाको प्रस्ताव खारेज हुनेछ ।

(ङ) इजाजत प्रदान गर्न नसकेको अवस्थामा सो को कारण सहितको सूचना मूल्यांकन सम्बन्धी कार्य सम्पन्न भएको मितिले तीन दिन भित्र निवेदकलाई दिईनेछ ।

**६. <u>वायुसेवा संचालन संस्थाको योग्यता</u>** : देहायको चुक्ता पूँजी कायम गरी कम्पनी वा फर्मको रुपमा दर्ता भएको वायुसेवा संचालन संस्था तथा हवाई उडान प्रशिक्षण संस्था यस कार्यविधि बमोजिम इजाजत-पत्र लिनको लागि निवेदन दिन योग्य हुनेछ ।

(क) मनोरञ्जनात्मक वायुसेवा संचालन गर्नका लागि कम्तिमा एक करोड रुपैया

(ख) ♣आन्तरिक वायुसेवा संचालनका लागि कम्तिमा पन्ध्र करोड रुपैया

(ग) अन्तर्राष्ट्रिय वायुसेवा संचालन गर्नको लागि कम्तिमा पचास करोड रुपैया

(घ) ♦हवाई उडान प्रशिक्षण संस्था (फ्लाईङ्ग स्कूल) संचालन गर्नको लागि कम्तिमा दश करोड रुपैया

(ङ) ♣वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था संचालन गर्नका लागि कम्तिमा पाँच करोड रुपैया

(च) ♣प्रचलित कानून अनुसार नेपालमा दर्ता भई मुख्य व्यवसायिक कारोवार नेपाल अधिराज्यमा रहेको र बहुसंख्या शेयर नेपाली व्यक्तिमा निहित रहेको हुनु पर्नेछ ।

स्पष्टिकरण : "मनोरञ्जनात्मक वायुसेवा" भन्नाले इन्जिन जोडिएको वा नजोडिएको हावाको माध्यमबाट तैरिने अल्ट्रालाइट, माइक्रोलाइट, प्याराग्ल्याइडर, हयाङग्लाइडर, हट एयर बेलुनिङ्ग र स्काई डाईभ आदि समेतलाई जनाउँछ ।

**७. सेवाका शर्तहरुः इजाजत पत्र प्राप्त वायुसेवा संस्थाले निम्न बमोजिमका शर्त पालना गर्नु पर्नेछ ।**

(क) ♣सेवा संचालन अवधि

| सि.नं. | सेवाको किसिम | संचालन प्रमाण-पत्र प्राप्त गरि सेवा संचालन शुरु गर्नुपर्ने समयावधि | प्रगति प्रतिवेदन पेश गर्ने समय सेवा संचालन भएको मितिले | कैफियत |
|---|---|---|---|---|
| १ | मनोरञ्जनात्मक वायुसेवा | १ वर्ष | १ वर्ष | |
| २ | आन्तरिक वायुसेवा | २ वर्ष | १ वर्ष | |
| ३ | अन्तर्राष्ट्रिय वायुसेवा | २ वर्ष | १ वर्ष | |
| ४ | हवाई उडान प्रशिक्षण संस्था (फ्लाईङ स्कूल) | २ वर्ष | १ वर्ष | |
| ५ | वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था | २ वर्ष | १ वर्ष | |

♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट थप
♦ मन्त्रिस्तरीय मिति २०६२।५।९ को निर्णयबाट थप

(ख) इजाजत प्राप्त वायुसेवा संचालन संस्थासंग हुनुपर्ने न्यूनतम उपकरण

| सि.नं. | सेवाको किसिम | इजाजतमा तोकिएको उपकरण | संख्या | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोरञ्जनात्मक वायुसेवा | सेवा अनुसार | २ | १ वर्ष | |
| २ | आन्तरिक वायुसेवा | सेवा अनुसार | ३ | १ वर्ष | |
| ३ | अन्तर्राष्ट्रिय वायुसेवा | सेवा अनुसार | २ | १ वर्ष | |
| ४♦ | हवाई उडान प्रशिक्षण संस्था (फ्लाइङ स्कूल) | सेवा अनुसारको उपकरण | २ | १ वर्ष | |
| ५♣ | वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था | सेवा अनुसारको उपकरण | २ | २ वर्ष | |

नोटः इजाजत-पत्रमा उल्लिखित उपकरण (Fleet) को किसिम परिवर्तन वा थप गर्नु परेमा त्यसरी परिवर्तनको स्वीकृति प्राप्त मितिले ६ महिना भित्र उपकरण ल्याई संचालन गर्नु पर्नेछ ।

(ग) गैर सैनिक हवाई उडान ऐन, २०१५ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल सरकारले समय समयमा जारी गरेका आदेश पालना गर्नुपर्नेछ ।

८. संचालित वायुसेवा संस्था सम्बन्धी व्यवस्था :

संचालित वायुसेवा संचालन संस्थाको हकमा त्यस्तो संचालन सम्बन्धी इजाजत पत्र वा सम्झौतामा तोकिए बमोजिम नै हुनेछ ।

९. **इजाजत पत्रः**

वायुसेवा संचालन संस्था तथा हवाई उडान प्रशिक्षण संस्थालाई अनुसूची-४ को ढाँचामा इजाजत पत्र दिइनेछ ।

**१०. (क) इजाजत पत्र नविकरण :**

(१) ♣इजाजत पत्रको अवधि चार वर्षको हुनेछ ।

(२) इजाजत पत्र प्राप्त संस्थाले इजाजत पत्रको अवधि समाप्त हुन अगावै वायुसेवा संस्था तथा हवाई उडान प्रशिक्षण संस्था संचालन सम्बन्धी आवश्यक विवरण खुलाई इजाजत पत्र नविकरणको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपखण्ड (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा इजाजत पत्र नविकरण गरी दिन उपयुक्त देखिएमा मन्त्रालयले अनुसूची-१ बमोजिम नविकरण दस्तुर लिई त्यस्तो इजाजत पत्र नविकरण गरी दिनु पर्नेछ ।

---

♦ मन्त्रिस्तरीय मिति २०६२।५।९ को निर्णयबाट थप
♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट थप
♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट थप

(४) इजाजत पत्र नविकरण गर्दा निवेदनसाथ अधिकार प्राप्त संस्थाबाट प्राविधिक संपरीक्षण भएका निम्न कागाजत पेश गर्नुपर्नेछ :-

(क) Safety Audit Report

(ख) सेवाको स्तर तथा क्षमता मूल्यांकन

(ग) आय-व्यय विवरण

(घ) उपकरणहरुको विवरण

(ङ) भौतिक संरचना

(च) बैदेशिक जनशक्ति विवरण

(छ) प्रविधि हस्तान्तरण स्थिति

(ज) नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिश पत्र

(झ) इजाजत पत्र (सक्कल/नक्कल)

♦(५) उपदफा (१) बमोजिमको म्याद भित्र नवीकरण नभएका इजाजतपत्र वाहकले देहाय बमोजिमको म्यादभित्र देहाय बमोजिमको थप इजाजतपत्र नवीकरण दस्तुर सहित निवेदन दिन आएमा इजाजतपत्र नवीकरण गर्न सकिनेछ :

(क) म्याद समाप्त भएको मितिले तीन महिना भित्र नवीकरणका लागि निवेदन दिएमा नवीकरण दस्तुरको पच्चिस प्रतिशतले हुन आउने थप दस्तुर

(ख) म्याद समाप्त भएको मितिले ६ महिनाभित्र नवीकरणका लागि निवेदन दिएमा नवीकरण दस्तुरको पचास प्रतिशतले हुन आउने थप दस्तुर

(ग) म्याद समाप्त भएको मितिले नौ महिनाभित्र नवीकरणका लागि निवेदन दिएमा नवीकरण दस्तुरको पचहत्तर प्रतिशतले हुन आउने थप दस्तुर

(घ) म्याद समाप्त भएको मितिले एक वर्ष भित्र नवीकरणका लागि निवेदन दिएमा नवीकरण दस्तुरको शत प्रतिशतले हुन आउने थप दस्तुर

♦(६) उपदफा (५) बमोजिम थप म्याद भित्र नवीकरण नगराएको इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ ।

---

♦ मन्त्रिस्तरीय मिति २०६९।०६।११ को निर्णयबाट थप

♦ मन्त्रिस्तरीय मिति २०६९।०६।११ को निर्णयबाट थप

♣(ख) **Fleet (उपकरण) थपः-**

१) अध्यावधिक संचालन प्रमाण-पत्र (AOC)

२) ईजाजत पत्रमा उल्लेखित Fleet मध्ये के कति संचालनमा रहेको? वायुयानको हकमा संचालनमा रहेका Fleet कुन कुन Registration मा उडिरहेको हो? र अव Fleet थप भएमा in operation fleet संख्या कति पुग्न जाने हो? सो खुलेको कागजात पेश गर्नुपर्ने ।

३) थप हुने विमान उडाउने Sectors को विवरण

४) थप गर्न चाहेको वायुयानको Type Cerficate and Specification पेश गर्नुपर्ने ।

५) कम्पनीले आयकर तिरेको कर कार्यलयवाट प्रमाणित कागजात ।

६) Safety Audit Report

७) कम्पनीको आय-व्ययको विवरण

**११. <u>धरौटी जफत गरिने :</u>**

देहायको अवस्थामा संस्थामा राखेको धरौटी जफत हुनेछ :-

(क) निर्धारित अवधिमा सेवाका शर्त अनुसार सेवा संचालन नगरेमा,

(ख) प्रचलित ऐन, नियम तथा आदेश उल्लंघन गरेमा ।

♣(ग) यस कार्यविधिको बुँदा नं. १०(१)(क) मा ईजाजत पत्रको समयावधि चार वर्षको हुनेछ भनेतापनि बुँदा नं. ७ मा तोके बमोजिम समयावधि भित्र सेवा संचालन नगरेमा ।

**१२. <u>धरौटी फुकुवा :</u>**

♣शुरुको सेवा संचालन गरेको मितिले ६ महिना पछि नेपाल नागरिक उड्डयन प्राधिकरणबाट निम्न विवरणहरुको परीक्षण भई सिफारिश साथ धरौटी फुकुवाको निवेदन प्राप्त भएमा निवेदन प्राप्त भएको मितिले सात दिन भित्र धरौटी फुकुवा गरिनेछ :-

---

♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट थप

(क) संस्थाको प्राविधिक संपरीक्षण कागजात

(ख) सेवाको स्तर तथा क्षमता खुलेको प्रमाण

(ग) आय-व्यय विवरण

(घ) भौतिक संरचनाको विवरण

(ङ) उपकरणहरुको विवरण (वायुयानको)

(च) खण्ड ७ अनुसार सेवाका शर्त पूरा भएको सिफारिश

१३. अन्तर्राष्ट्रिय वायुसेवा संचालन संस्थाले AOC प्राप्त गरे पश्चात वैदेशिक उडानको लागि आवश्यक सिफारिश पत्र माग गर्दा देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ :

(क) उपकरण रेटिङ प्रमाण पत्र

(ख) शेयर होल्डर तथा बोर्डका डाईरेक्टरहरुको नागरिकताको प्रमाण पत्र

(घ) कम्पनीको मुख्य कार्यालयको ठेगाना र फोन, फ्याक्स, टेलेक्स

(ङ) उडान अनुमति पत्र (Air Operator Certificate)

(च) हवाई यातायात संचालन इजाजत पत्र

(छ) स्वीकृत अपरेशन म्यानुयल

(ज) वायुयानहरुको फ्लिट (Fleet) को विस्तृत विवरण

(झ) वायुयानको स्वामित्व

(ट) लिज खरिद भएमा सम्झौताको प्रमाणित प्रति

(ठ) लिज खरिद भए प्राप्त रुट उडान गर्न पाउने सम्झौताको प्रमाण

(ड) एयर वर्दिनेस, लाईसेन्सीङ र दुर्घटना जाँच गर्ने अधिकारीहरुको नाम, ठेगाना, फोन, फ्याक्स

(ढ) वायुसेवा कम्पनीको (ICAO को एनेक्स १७ अनुसारको) Aviation Safety and Security विस्तृत कार्यक्रम

(ण) ऐन, नियम अनुसार सो संस्थाका कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारको आधिकारिक प्रमाण पत्र ।

(त) यात्रु, कार्गो, व्यागेज र तेश्रो पक्षको दायित्व सम्बन्धी काम र त्यो अनुसार वायुसेवाहरुले गरेको विमा पोलिसीको प्रमाणित प्रति

(थ) वायुसेवा संस्थाको प्रतिनिधिको हस्ताक्षर (सम्बन्धित वायुसेवाका कार्यकारी प्रमुखबाट प्रमाणित)

(द) वायुसेवा संस्थाले सम्बन्धित रुटमा लिने स्वीकृत भाडादर ।

(ध) अन्य वायुसेवाहरुसँग व्यवस्थापन सम्बन्धी सम्झौता भएको भए सो को प्रमाणित प्रतिलिपि

(न) उडान तालिका स्वीकृति प्रमाण

(प) हवाई सेवा सम्झौताको प्रावधान भित्र रहेर नेपालबाट अन्तर्राष्ट्रिय उडान भर्न चाहने नेपाली नयाँ वायुसेवाहरु तथा मित्र राष्ट्रवाट नेपालमा उडान भर्न चाहने विदेशी वायुसेवाहरुले माथि उल्लेखित खण्ड १३ का प्रावधान पुरा गरी नियमित उडान शुरु गर्नु भन्दा ६० दिन पहिले पेश गर्नु पर्नेछ । ती प्रावधान पुरा गरेपछि उडान अनुमतिको लागि कुटनैतिक माध्यमद्वारा अनुरोध गरिनेछ ।

## १४. <u>बैंक ग्यारेन्टी (धरौटी) दाखिला गर्नुपर्ने :-</u>

♣(१) इजाजत पत्र प्राप्त संस्थाले इजाजत प्राप्त गरेको मितिले सात दिनभित्र देहाय बमोजिमको बैंक ग्यारेन्टी मन्त्रालयमा दाखिला गर्नुपर्नेछ ।

(क) मनोरञ्जनात्मक वायुसेवा संचालन गर्नका लागि एक वर्षको अवधि कायम गरि **पाँच लाख रुपैयाँ**

(ख) आन्तरिक वायुसेवा संचालन गर्नका लागि दुई वर्षको अवधि कायम गरि **वीस लाख रुपैयाँ**

(ग) अन्तर्राष्ट्रिय वायुसेवा संचालन गर्नका लागि दुई वर्षको अवधि कायम गरि **पचास लाख रुपैयाँ**

(घ) हवाई उडान प्रशिक्षण संस्था (फ्लाईङ स्कूल) संचालन गर्नका लागि दुई वर्षको अवधि कायम गरि दश लाख रुपैयाँ

**(ङ) वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्थासंचालन गर्नका लागि दुई वर्षको अवधि कायम गरि दश लाख रुपैयाँ**

---

♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट संशोधन

♣(२) इजाजत पत्र प्राप्त संस्थाले इजाजत पत्र प्राप्त गरेको मितिले मनोरञ्जनात्मक वायुसेवा एक वर्षभित्र, हवाई उडान प्रशिक्षण (फ्लाईङ स्कूल), वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था र अन्य वायुसेवा दुई वर्षभित्र संचालन नगरेमा उपनियम (१) बमोजिम दाखिला गरेको बैंक ग्यारेन्टी जफत हुनेछ ।

(३) इजाजत पत्र प्राप्त संस्थाले उपनियम (२) बमोजिमको म्यादभित्र वायुसेवा र हवाई उडान प्रशिक्षण संचालन गरेको प्रमाण सहित बैंक ग्यारेन्टी फिर्ता लिने निवेदन दिएमा मन्त्रालयले त्यस्तो बैंक ग्यारेन्टी फिर्ता दिनु पर्नेछ ।

१५. ऐन, नियम आदेश तथा नीतिमा उल्लेख भएका विषयहरुको समयमै कारवाही अगाडि बढाउने, निकासा लिने र व्यवस्थित लेखा राख्ने कार्यको जिम्मेवारी सम्बन्धित शाखाका अधिकृतको हुनेछ ।

१६. ऐन, नियम तथा कार्यविधि अनुरुप सुपरिवेक्षण गर्ने दायित्व सम्बन्धित शाखा प्रमुखको हुनेछ ।

१७. ऐन, नियम र यस कार्यविधिमा उल्लेख भएको कार्यको अनुगमन गर्ने दायित्व महाशाखा प्रमुखको हुनेछ ।

१८. यस कार्यविधिको व्याख्या गर्ने अधिकार यस मन्त्रालयलाई हुनेछ ।

♣ मन्त्रिस्तरीय मिति २०६६।१०।२४ को निर्णयबाट संशोधन

अनुसूची - १

## इजाजतपत्रको लागि दिइने निवेदन

नेपाल सरकार
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार ।

वायुसेवा सञ्चालन वा हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल) संचालन गर्ने इजाजत-पत्र पाउनको लागि निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. वायुसेवा सञ्चालन संस्थाको
   (क) नाम ठेगाना :
   (ख) दर्ता नम्वर :
   (ग) संस्थाको तर्फबाट कारोवार गर्ने मुख्य व्यक्तिको नाम , ठेगाना र पद :
   (घ) मुख्य शेयरधनी वा लगानिकर्ताको नाम ठेगानाः

२. सञ्चालन गर्ने वायुसेवा वा हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल) को किसिम :
   (क) मनोरञ्जनात्मक
   (ख) आन्तरिक
   (ग) अन्तर्राष्ट्रिय
   (घ) हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल)

३. वायुयान वा हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल) को संख्या र किसिम :

४. वायुयान प्राप्तिको तरिका :

६. अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन गर्ने भए रुट तथा सिट संख्या :-

७. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु :-
   (क) वायुयान सञ्चालन संस्था वा हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल) को प्रबन्धपत्र र नियमावली भए सो को प्रतिलिपि वा कारोवार सञ्चालन गर्न पाएको अनुमतिपत्रको प्रतिलिपि,
   (ख) वायुसेवा सञ्चालन संस्था वा हवाई उडान प्रशिक्षण (फ्लाइङ स्कूल) को प्राविधिक, व्यवसायिक, आर्थिक र संस्थागत क्षमता सम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन
   (ग) वायुयानको नियमित मर्मत तथा सम्भार सम्बन्धी व्यवस्था
   (घ) वायुयान भाडामा ल्याई सञ्चालन गर्ने भए सो सम्बन्धी विस्तृत विवरण
   (ङ) मन्त्रालयले समय समयमा तोके बमोजिमको अन्य विवरण ।

निवेदक/निवेदकहरुको
नाम र सही :
ठेगाना :
मिति :

# अनुसूची - २ (क)
## अन्तर्राष्ट्रिय वायुसेवा संचालन इजाजत
## (मूल्यांकन आधार तथा भार)

१. व्यवसायिक पक्ष : २० अंक

(क) यात्रु तथा कार्गो बजार विश्लेषण :
(दश वटा देश वा रुट सेक्टरको विश्लेषणलाई अधिकतम ५ (पाँच) अंक)
(गत चार वर्षको)

| स्थान | | वर्ष | वर्ष | वर्ष | वर्ष | नेपालको शेयर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | कार्गो | | | | | | |
| (आन्तरिक तथा अन्तर्राष्ट्रियतर्फ) | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट १ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट २ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट ३ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट ४ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |

(ख) वायुयान मुभमेन्ट (दश वटा रुट तथा क्षेत्रको विश्लेषणलाई अधिकतम ५ (पाँच) अंक)
(गत चार वर्षको)

| विवरण/वर्ष | वर्ष | वर्ष | वर्ष | वर्ष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| आगमन | | | | | | |
| प्रस्थान | | | | | | |
| जम्मा | | | | | | |

(ग) नेपालले पाएको ट्राफिक अधिकार :- ५ अंक
(दश देशको विश्लेषण वापत अधिकतम ५ (पाँच) अंक)

| देश | रुट | सिट संख्या/उडान संख्या | अन्य वायुसेवाले प्रयोग गरेको सिट वा उडान संख्या | वाँकी सिट वा उडान संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) व्यापारिक योजना
(दश सेक्टरको विश्लेषण वापत अधिकतम ५ (पाँच) अंक)

| विवरण (वायुयान) | उडान तालिका प्रतिहप्ता | उडान तालिका प्रति वर्ष | यात्रु सीट खपत | कार्गो क्षमता | कैफियत |
|---|---|---|---|---|---|
| वायुयानको किसिम | | | | | |
| सिट क्षमता | | | | | |
| कोड शेयरिङ वा अन्य सम्झौता | | | | | |
| जम्मा | | | | | |

३. आर्थिक पक्ष : - ३० अंक
(क) पूँजी संरचना (रु हजारमा) - १० अंक
(चुक्ता पूँजी १०० करोडलाई अधिकतम १० (दश) अंक)
(चुक्ता पूँजी ५० करोडलाई न्यूनतम ५ (पाँच) अंक)

| विषय/वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| अधिकृत पूँजी | | | | | | |
| जारी पूँजी | | | | | | |
| चुक्ता पूँजी | | | | | | |
| चालू पूँजी | | | | | | |

(ख) खर्च विवरण - ४ अंक
१. संस्थाले स्वयं लगानी गरेको ४ (चार) अंक
२. बैंकले ऋण लगानी गर्ने प्रतिवद्धता वापत ३ (तीन) अंक
३. लिज प्रकृयावाट लिने प्रतिवद्धता वापत २ (दुई) अंक
४. अन्य प्रकृयावाट १ (एक) अंक

| | लगानी खर्च | | | |
|---|---|---|---|---|
| विषय | पहिलो विमान | दोश्रो विमान | तेश्रो विमान | कैफियत |
| विमान खरिद | | | | |
| अन्य पूँजीगत खर्च | | | | |
| संचालन खर्च | | | | |
| व्यवस्थापन खर्च | | | | |
| मरम्मत खर्च | | | | |
| जनशक्ति विकास | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

ग) खर्च विश्लेषण : - ४ अंक
(१) खर्च :- (चार वायुयानको अधिकतम ४ (चार) अंक)

| वायुयान किसिम | ल्वक घण्टा | खर्च प्रतिघण्टा | खर्च प्रति वर्ष | कैफियत |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

घ) आम्दानी (रुट अनुसार) : - ४ अंक
(१० रुटको अधिकतम ४ (चार) अंक)
(पाँच वर्षको)

| विषय | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| यात्रु | | | | | | |
| कार्गो | | | | | | |

(ङ) आम्दानी खर्च विश्लेषण : - ४ अंक
(पाँच वर्षको अधिकतम ४ (चार) अंक)

| विषय | वर्ष | वर्ष | वर्ष | वर्ष | वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| खर्च | | | | | | |
| आम्दानी | | | | | | |
| नाफा नोक्सान | | | | | | |

(च) दायित्व विवरण :- ४ अंक
(१०० प्रतिशत नेपाली लगानीकर्ता भएमा अधिकतम ४ (चार) अंक)

| दायित्व विवरण | अंश % मा | नगद | कैफियत |
|---|---|---|---|
| नेपाली पक्ष | | | |
| विदेशी पक्ष | | | |
| जम्मा | | | |

३) प्राविधिक पक्ष :- २० अंक
(क) संचालक/संस्थापक तथा मुख्य मुख्य व्यवस्थापकीय प्राविधिक पदाधिकारीहरुको विवरण - ४ अंक
(व्यवसायको आधारमा)
१. वायुसेवा संचालन अनुभव - ४ (चार) अंक
२. ट्राभल ट्रेक संचालन अनुभव - ३ (तीन) अंक
३. अन्य व्यवसाय संचालन अनुभव - २ (दुई) अंक
नाम :
ठेगाना :
योग्यता/अनुभव :
रेटिङ प्रमाण पत्र :
कार्याधिकार :

(ख) दक्ष प्राविधिक : ४ अंक

१. सम्वन्धित वायुसेवा संचालन गर्ने योग्यता भएमा - अधिकतम ४ (चार) अंक
२. वसिक तालिम भएमा अधिकतम - ३ (तीन) अंक
३. अदक्ष जनशक्ति अधिकतम - २ (दुई) अंक

| दक्ष वर्गीकरण | आवश्यक पर्ने जनशक्ति | योग्यता/ रेटिङ | संख्या | पद पूर्ति गर्ने तरिका | स्वदेशी | विदेशी |
|---|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | | |
| | | | | | | |
| २) मर्मत तथा सम्भार | | | | | | |
| | | | | | | |
| ३) उडान सुरक्षा र गुणस्तर | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

(ग) प्राविधिक जनशक्ति तालिम योजना - ४ अंक

१. सेवा संचालन पूर्व जनशक्ति तयार गर्ने योजनाको लागि अधिकतम ४ (चार) अंक
२. शुरुमा विदेशी जनशक्तिवाट संचालन गरी सेवा संचालन भएको दुई वर्ष भित्र नेपाली दक्ष जनशक्ति तयार भएमा ३ (तीन) अंक
३. पाँच वर्षमा नेपालमा जनशक्ति तयार गर्ने भए २ (दुई) अंक

| जनशक्तिको प्रकार | संख्या | कहिले तालिम दिने | कहाँ तालिम दिने | खर्च अनुमान | व्यहोर्ने श्रोत वा सम्झौता | कैफियत |
|---|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | | |
| | | | | | | |
| | | | | | | |
| २) मर्मत सम्भार | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३) उडान सुरक्षा तथा गुणस्तर नियन्त्रण | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

(घ) उपकरणको विवरण योजना : ४ अंक

१. वायुयानको उत्पादन उमेर ५ (पाँच) वर्ष कम भएको आयात गरेमा अधिकतम ४ (चार) अंक
२. वायुयानको उत्पादन उमेर १० (दश) वर्ष कम भएको आयात गरेमा अधिकतम ३ (तीन) अंक
३. वायुयानको उत्पादन उमेर १५ (पन्द्र) वर्ष कम भएको आयात गरेमा अधिकतम २ (दुई) अंक
४. वायुयानको उत्पादन उमेर १५ (पाँच) वर्ष माथि भएको आयात गरेमा अधिकतम १ (एक) अंक

| उपकरण किसिम विवरण | सिट क्षमता | इन्जिन | | | उत्पादन मिति | साईकल खपत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|

(ङ) स्वामित्व र खरिद प्रकृया - ४ अंक

१. पुरा खरिदको लागि ५ (पाँच) अंक

२. किस्तावन्दी खरिदको लागि ४ (चार) अंक

३. लिज खरिदको लागि २ (दुई) अंक

| उपकरण विवरण | पुरा खरिद | किस्तावन्दी खरिद | लिज खरिद (भाडा) | रजिष्ट्रेशन | विदेशी रजिरट्रेशन भएमा उडान सुरक्षा सम्झौता | खरिद गर्ने वर्ष वा समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ४ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(४) <u>संस्थागत योजना र क्षमता : - ३० अंक</u>

(क) व्यवस्थापकिय संगठन र मुख्य मुख्य व्यवस्थापकको योग्यता,अनुभव र अधिकार (स्वदेशी/विदेशी) ६ अंक

(स्वदेशी दक्षताको ६ (छ) अंक, विदेशी दक्षता ३ (तीन) अंक)

(ख) नीति, नियम - ६ अंक

(प्रष्ट नीति, तथा नियम ६ (छ) अंक)

(ग) उडान संचालन संगठन मुख्य मुख्य व्यक्तिको योग्यता, अनुभव र उत्तरदायित्व : ६ अंक

- पूर्ति गर्ने तरिका
- स्वदेशी, विदेशी (सम्झौता)

१. स्वदेशी ६ अंक, विदेशी ३ अंक

(घ) मर्मत व्यवस्थापन (संगठन) - ५ अंक

- मर्मत गर्ने व्यवस्था (Maintenance, Scheme), कर्मचारी पूर्ति गर्ने व्यवस्था, स्वदेशी तथा विदेशी आवश्यक जनशक्ति
- D-check, C-check गर्ने व्यवस्था
- मर्मत सम्वन्धी सम्झौता (स्वदेशी/विदेशी)
- मुख्य मुख्य व्यक्तिको अनुभव, योग्यता र अधिकार

१. स्वदेशमा मर्मत गर्ने व्यवस्थाको ६ (छ) अंक
१. विदेशीमा मर्मत गर्ने व्यवस्थाको ३ (तीन) अंक

(ङ) उडान सुरक्षा तथा गुणस्तर नियन्त्रण संगठन - ६ अंक

- मुख्य, मुख्य व्यक्तिको अनुभव, उत्तरदायित्व, पूर्ति गर्ने तरिका, विदेशी भएमा संख्या र करारको अवधि

१. स्वदेशी जनशक्तिवाट गर्ने योजनाको ६ (छ) अंक
१. विदेशी जनशक्तिवाट गर्ने योजनाको ३ (तीन) अंक

अनुसूची - २ (ख)
आन्तरिक वायुसेवा संचालन इजाजत
(मूल्यांकन आधार तथा भार)

१. <u>व्यवसायिक पक्ष</u> : २० अंक

(क) बजार विश्लेषण : ५ अंक
(विद्यमान हवाई ट्राफिकको आधारमा)
(१० वटा क्षेत्रको अधिकतम ५ (पाँच) अंक)
(गत चार वर्षको)

| स्थान | | | | | | नेपालको शेयर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (आन्तरिक तर्फ) | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट १ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट २ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट ३ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |
| सेवा संचालन क्षेत्र वा रुट ४ | कार्गो | | | | | | |
| | यात्रु | | | | | | |

(ख) वायुयान मुभमेन्ट (त्रि.अ.वि.) - ५ अंक
(४ वर्षको अधिकतम ५ (पाँच) अंक)
(गत चार वर्षको)

| विवरण/वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| आगमन | | | | | | |
| प्रस्थान | | | | | | |
| जम्मा | | | | | | |

(ग) वायुयान मुभमेन्ट (माग गरिएका क्षेत्रको) :- ५ अंक
(१० वटा क्षेत्रको अधिकतम ५ (पाँच) अंक)
(गत चार वर्षको) पोखरा क्षेत्र

| विवरण/वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| आगमन | | | | | | |
| प्रस्थान | | | | | | |
| जम्मा | | | | | | |

(घ) व्यापारिक योजना (प्रत्येक सेक्टरको) : - ५ अंक

(१० वटा सेक्टरको अधिकतम ५ (पाँच) अंक)

| विवरण (वायुयान) | उडान तालिका प्रतिहप्ता | उडान तालिका प्रति वर्ष | सिट खपत/क्षमता | | कैफियत |
|---|---|---|---|---|---|
| | | | यात्रु | कार्गो | |
| वायुयानको किसिम | | | | | |
| सिट क्षमता | | | | | |
| कोड शेयरिङ वा अन्य सम्झौता | | | | | |
| जम्मा | | | | | |

३. आर्थिक पक्ष : - ३० अंक

(क) पूँजी संरचना (रु हजारमा) - १० अंक

(२० करोड चुक्ता पूँजीको अधिकतम १० (दश) अंक)

(१० करोड चुक्ता पूँजीको अधिकतम ५ (पाँच) अंक)

| विषय/वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| अधिकृत पूँजी | | | | | | |
| जारी पूँजी | | | | | | |
| चुक्ता पूँजी | | | | | | |
| चालू पूँजी | | | | | | |

नोट : - प्रत्येक श्रोतको आधिकारिक पत्र पेश गर्ने ।

(ख) खर्च विवरण - ४ अंक

१. संस्थाले स्वयं लगानी गरेको ४ (चार) अंक

२. बैंकले ऋण लगानी गर्ने प्रतिवद्धता भएमा ३ (तीन) अंक

३. लिज प्रकृयावाट संचालन गर्ने भएमा २ (दुई) अंक

४. अन्य प्रकृया १ (एक) अंक

| | लगानी खर्च | | | |
|---|---|---|---|---|
| विषय | पहिलो विमान | दोश्रो विमान | तेश्रो विमान | कैफियत |
| विमान खरिद | | | | |
| अन्य पूँजीगत खर्च | | | | |
| संचालन खर्च | | | | |
| व्यवस्थापन खर्च | | | | |
| मरम्मत खर्च | | | | |
| जनशक्ति विकास | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

नोट : प्रत्येक खर्चको विस्तृत अध्ययन र विश्लेषण पेश गर्नु पर्नेछ ।

ग) खर्च विश्लेषण : - ४ अंक

(१) खर्च :- (चार वायुयानको अधिकतम ४ (चार) अंक)

| वायुयान किसिम | ल्वक घण्टा | खर्च प्रतिघण्टा | खर्च प्रति वर्ष | कैफियत |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

घ) आम्दानी : - ४ अंक

(१० रुटको अधिकतम ४ (चार) अंक)

(पाँच वर्षको)

| विषय | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| यात्रु | | | | | | |
| कार्गो | | | | | | |

ङ) आम्दानी खर्च विश्लेषण : ४ अंक

(पाँच वर्षको अधिकतम ४ (चार) अंक)

(आगामी पाँच वर्षको)

| विषय | वर्ष | वर्ष | वर्ष | वर्ष | वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| खर्च | | | | | | |
| आम्दानी | | | | | | |
| नाफा नोक्सान | | | | | | |

(च) दायित्व विवरण :- ४ अंक

(१०० प्रतिशत नेपाली लगानीको ४ (चार) अंक)

| दायित्व विवरण | अंश% मा | नगद | कैफियत |
|---|---|---|---|
| नेपाली पक्ष | | | |
| विदेशी पक्ष | | | |
| जम्मा | | | |

३) <u>प्राविधिक पक्ष</u> :- २० अंक

(क) संचालक/संथापक तथा मुख्य मुख्य व्यवस्थापकीय प्राविधिक एक पदाधिकारीहरुको विवरण - ४ अंक

१. वायुसेवा संचालन अनुभव - ४ (चार) अंक

२. ट्राभल ट्रेकिङ्ग संचालन अनुभव - ३ (तीन) अंक

३. अन्य व्यवसाय संचालन अनुभव - २ (दुई) अंक

नाम :

ठेगाना :

योग्यता/अनुभव :

रेटिङ प्रमाण पत्र :

कार्याधिकार :

(ख) दक्ष प्राविधिक : ४ अंक

१. सम्वन्धित वायुसेवा संचालन योग्यताको ४ (चार) अंक

२. वेसिक वायुसेवा संचालन योग्यता ३ (तीन) अंक

३. अदक्ष जनशक्तिलाई तालिम दिएर संचालन गर्ने भएमा २ (दुई) अंक

| दक्ष वर्गीकरण | आवश्यक पर्ने जनशक्ति | योग्यता/रेटिङ | संख्या | पद पूर्ति गर्ने तरिका | स्वदेशी | विदेशी |
|---|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | | |
| | | | | | | |
| २) मर्मत तथा सम्भार | | | | | | |
| | | | | | | |
| ३) उडान सुरक्षा र गुणस्तर निण्न्त्रण | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

(ग) प्राविधिक जनशक्ति तालिम योजना - ४ अंक

१. सेवा संचालन पूर्व तालिम दिएर जनशक्ति तयार भएका ४ (चार) अंक

२. शुरुमा विदेशी जनशक्तिवाट शुरु गरी दुई वर्ष भित्र दक्ष जनशक्ति तयार गर्ने भएमा ३ (तीन) अंक

३. पाँच वर्षमा नेपाल जनशक्ति तयार गर्ने भएमा २ (दुई) अंक

| जनशक्तिको प्रकार | संख्या | कहिले तालिम दिने | कहाँ तालिम दिने | खर्च अनुमान | व्यहोर्ने श्रोत वा सम्झौता | कैफियत |
|---|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | | |
| | | | | | | |
| २) मर्मत सम्भार | | | | | | |
| | | | | | | |
| ३) उडान सुरक्षा तथा गुणस्तर नियन्त्रण | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

(घ) उपकरण योजना : ४ अंक

१. वायुयानको उत्पादन उमेर ५ (पाँच) वर्ष भन्दा कम खरिदको ४ (चार) अंक

२. वायुयानको उत्पादन उमेर १० (दश) वर्ष भन्दा कम खरिद ३ (तीन) अंक

३. वायुयानको उत्पादन उमेर १५ (पन्द्र) वर्ष भन्दा कम खरिद २ (दुई) अंक

४. वायुयानको उत्पादन उमेर १५ (पाँच) वर्ष भन्दा माथि खरिद १ (एक) अंक

| उपकरण, किसिम र विवरण | सिट क्षमता | इन्जिन | | | उत्पादन मिति | साईकल खपत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

(ङ) स्वामित्व र खरिद प्रकृया -  ४ अंक

१. संस्थाले शुरुमै पुरा खरिद गरेमा ४ (चार) अंक

२. किस्तावन्दी खरिद ३ (तीन) अंक

३. लिज (भाडा) २ (दुई) अंक

| उपकरण विवरण | पुरा खरिद | किस्तावन्दी खरिद | लिज खरिद (भाडा) | रजिष्ट्रेशन | विदेशी रजिरट्रेशन भएमा उडान सुरक्षा सम्झौता | खरिद गर्ने वर्ष वा समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ४ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(४) संस्थागत योजना र क्षमता : - ३० अंक

(क) व्यवस्थापकिय संगठन र मुख्य मुख्य व्यवस्थापकको योग्यता, अनुभव र अधिकार (स्वदेशी/ विदेशी) -६ अंक

१. वायुसेवा संचालन अुनभव स्वदेशी ६ (छ) अंक

२. वायुसेवा संचालन अनुभव विदेशी ३ (तीन) अंक

(ख) प्रष्ट नीति, नियम भएमा -  ६ अंक

प्रष्ट नीतिको, ३ (तीन) अंक

प्रष्ट नियमको ३ (तीन) अंक

(ग) उडान संचालन संगठन मुख्य मुख्य व्यक्तिको योग्यता, अनुभव र उत्तरदायित्व :- ६ अंक

- पूर्ति गर्ने तरिका
- स्वदेशी, विदेशी (सम्झौता)

१. स्वदेशी दक्ष ६ (छ) अंक

२. विदेशी दक्ष ३ (तीन) अंक

(घ) मर्मत व्यवस्थापन (संगठन) - ६ अंक

- मर्मत गर्ने व्यवस्था (Maintenance, Scheme), कर्मचारी पूर्ति गर्ने व्यवस्था, स्वदेशी तथा विदेशी आवश्यक जनशक्ति
- D-check, C-check गर्ने व्यवस्था
- मर्मत सम्वन्धी सम्झौता (स्वदेशी/विदेशी)
- मुख्य मुख्य व्यक्तिको अनुभव, योग्यता र अधिकार

१. स्वदेशीमा ६ (छ) अंक

२. विदेशीमा ३ (तीन) अंक

(ङ) उडान सुरक्षा तथा गुणस्तर नियन्त्रण संगठन - ६ अंक

- मुख्य, मुख्य व्यक्तिको अनुभव, उत्तरदायित्व, पूर्ति गर्ने तरिका, विदेशी भएमा संख्या र करारको अवधि

१. स्वदेशी ६ (छ) अंक

२. विदेशी ३ (तीन) अंक

अनुसूची - २ (ग)
मनोरञ्जनात्मक वायुसेवा संचालन इजाजत
(मूल्यांकन आधार तथा भार)

१. व्यवसायिक पक्ष : २० अंक

(क) बजार विश्लेषण : ५ अंक
(विद्यमान पर्यटन आवागमन स्थितीको आधारमा)
(गत ५ वर्षको – अधिकतम १० वटा पर्यटकीय क्षेत्र)

| वर्ष | पर्यटक आवागमन संख्या | पर्यटकीय क्षेत्रमा आवागमन | व्यवसायिक क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(ख) इजाजत प्राप्त अन्य संस्थाले संचालन गरेको मनोरन्जनात्मक वायुसेवाको स्थिति - ५ अंक
(गत ५ वर्षको स्थिति पेश गरेमा अधिकतम ५ अंक)

| विवरण/वर्ष | संचालन क्षेत्र | उपकरणको स्थिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ग) माग गरिएको मनोरंजनात्मक वायुसेवाको बजार अवस्था :- ५ अंक
( माग गरिएको क्षेत्रको बजार अवस्था पेश गरेमा अधिकतम ५ अंक)

| विवरण | उडान स्थल | अवतरण स्थल | जम्मा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(घ) प्रक्षेपित व्यापारिक योजना (प्रत्येक क्षेत्रको) : - ५ अंक

| विवरण (उपकरण) | उडान समय | उडान संख्या प्रतिवर्ष | दृश्यावलोकन यात्रु संख्या प्रतिवर्ष | वार्षिक क्षमता | कैफियत |
|---|---|---|---|---|---|
| प्याराग्लाइडिङ (टेण्डम) | | | | | |
| प्याराग्लाइडिङ (सोलो) | | | | | |
| अल्ट्रालाईट | | | | | |
| ह्याङग्लाइडर | | | | | |
| स्काई डाइभिङ | | | | | |
| हट एअर वेलुनिङ | | | | | |

२. आर्थिक पक्ष : - ३० अंक

(क) पूँजी संरचना (रु लाखमा) - १० अंक

(१ करोड चुक्ता पूँजीको अधिकतम ५ (पाच) अंक)

(५ करोड चुक्ता पूँजीको अधिकतम १० (दश) अंक)

| विषय/वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| अधिकृत पूँजी | | | | | | |
| जारी पूँजी | | | | | | |
| चुक्ता पूँजी | | | | | | |
| चालू पूँजी | | | | | | |

(ख) खर्च (लगानी) विवरण - ४ अंक

१. संस्थाले स्वयं लगानी गरेको ४ (चार) अंक

२. बैंकले ऋण लगानी गर्ने प्रतिवद्धता भएमा ३ (तीन) अंक

३. लिज प्रकृयावाट संचालन गर्ने भएमा २ (दुई) अंक

४. अन्य प्रकृयाबाट संचालन गर्ने भएमा १ (एक) अंक

| | खर्च ( लगानी) | | | |
|---|---|---|---|---|
| विषय | पहिलो उपकरण | दोश्रो उपकरण | तेश्रो / चौथो उपकरण | कैफियत |
| उपकरण खरिद | | | | |
| अन्य पूँजीगत खर्च | | | | |
| संचालन खर्च | | | | |
| व्यवस्थापन खर्च | | | | |
| जनशक्ति विकास | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

ग) खर्च विश्लेषण : - ४ अंक

(१) खर्च :- (कम्तीमा ४ उपकरणको) ४ (चार) अंक)

| उपकरण किसिम | संचालन खर्च प्रति घण्टा | संचालन खर्च प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) आम्दानी : - ४ अंक

| उपकरण किसिम | आम्दानी प्रतिघण्टा | आम्दानी प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ङ) आम्दानी खर्च विश्लेषण : ४ अंक

| विषय | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| संचालन खर्च | | | | | |
| आम्दानी | | | | | |
| नाफा / नोक्सान | | | | | |

(च) लगानी दायित्व विवरण :- ४ अंक

(१०० प्रतिशत नेपाली पक्षको लगानी भए अधिकतम ४ (चार) अंक)

| दायित्व विवरण | अंश % मा | नगद | कैफियत |
|---|---|---|---|
| नेपाली पक्ष | | | |
| विदेशी पक्ष | | | |
| जम्मा | | | |

३) प्राविधिक पक्ष :- २० अंक

(क) संचालक/संथापक तथा मुख्य मुख्य व्यवस्थापकीय प्राविधिक एक पदाधिकारीहरुको विवरण - ४ अंक

१. वायुसेवा संचालन अनुभव - ४ (चार) अंक
२. ट्राभल ट्रेकिङ्ग संचालन अनुभव - ३ (तीन) अंक
३. अन्य व्यवसाय संचालन अनुभव - २ (दुई) अंक

नाम :
ठेगाना :
योग्यता/अनुभव :
प्रमाण पत्र :
कार्याधिकार :

(ख) दक्ष प्राविधिक : ४ अंक

१. मनोरंजनात्मक वायुसेवा संचालन योग्यता ४ (चार) अंक

२. कर्मसियल वायुसेवा संचालन योग्यता ३ (तीन) अंक

३. आवश्यक जनशक्तिलाई तालिम दिएर संचालन गर्ने भएमा २ (दुई) अंक

| दक्ष जनशक्ति वर्गीकरण | आवश्यक पर्ने जनशक्ति | योग्यता | स्वदेशी | विदेशी | कैफियत |
|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | |
| | | | | | |
| २) ग्राउण्ड सर्पोट/ मेन्टेनेन्स | | | | | |
| | | | | | |
| ३) संचार/सम्पर्क समन्वय | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

(ग) प्राविधिक जनशक्ति तालिम योजना - ४ अंक

१. तयारी जनशक्ति स्वदेशी भएमा ४ (चार) अंक

२. तयारी जनशक्ति विदेशी भएमा ३ (तीन) अंक

३. शुरुमा विदेशी जनशक्तिबाट शुरुगरी २ वर्षभित्र स्वदेशी जनशक्ति तयार गर्ने भएमा २ (दुई) अंक

३. पाँच वर्षमा नेपाली जनशक्ति तयार गर्ने भएमा १ (एक) अंक

| जनशक्तिको तालिम विवरण | तालिम आवश्यक पर्ने संख्या | तालिम कहाँ दिने | तालिम कहिले दिने | तालिम खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १) उडान संचालन | | | | | |
| | | | | | |
| २) ग्राउण्ड सर्पोट/ मेन्टेनेन्स | | | | | |
| | | | | | |
| ३) संचार/सम्पर्क समन्वय | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

(घ) उपकरण योजना : ४ अंक

१. उपकरणको उत्पादन मिति ५ (पाँच) वर्ष भन्दा कम भएमा ४ (चार) अंक

२. उपकरणको उत्पादन मिति १० (दश) वर्ष भन्दा कम भएमा ३ (तीन) अंक

३. उपकरणको उत्पादन मिति १५ (पन्द्र) वर्ष भन्दा कम भएमा २ (दुई) अंक

४. उपकरणको उत्पादन मिति १५ (पाँच) वर्ष भन्दा माथि भएमा १ (एक) अंक

| उपकरण, किसिम र विवरण | सिट क्षमता | उत्पादक कम्पनी र मिति | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

(ङ) स्वामित्व र खरिद प्रकृया -  ४ अंक

१. कम्पनीले शुरुमै पुरा खरिद गरेमा ४ (चार) अंक

२. कम्पनीले किस्तावन्दी खरिद गरेमा ३ (तीन) अंक

३. कम्पनीले लिज (भाडा) मा ल्याएमा २ (दुई) अंक

| उपकरणको किसिम र विवरण | पुर्ण खरिद | किस्तावन्दी खरिद | लिज खरिद (भाडा) | सम्झौता भए | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(४) संस्थागत योजना र क्षमता : - ३० अंक

(क) व्यवस्थापकिय संगठन र मुख्य मुख्य व्यवस्थापकको योग्यता, अनुभव र (स्वदेशी/ विदेशी) - ६ अंक

१. मनोरञ्जनात्मक वायुसेवा संचालन अुनभव स्वदेशी ६ (छ) अंक

२. मनोरञ्जनात्मक वायुसेवा संचालन अनुभव विदेशी ३ (तीन) अंक

(ख) प्रष्ट नीति, नियम भएमा -  ६ अंक

प्रष्ट नीतिको, ३ (तीन) अंक

प्रष्ट नियमको ३ (तीन) अंक

(ग) उडान संचालन गर्ने कार्यमा संलग्न मुख्य मुख्य व्यक्तिको योग्यता, अनुभव र उत्तरदायित्व :- ६ अंक

(स्वदेशी / विदेशी सम्झौताको आधारमा)

१. स्वदेशी दक्ष ६ (छ) अंक

२. विदेशी दक्ष ३ (तीन) अंक

(घ) ग्राउण्ड सर्पोट/मेन्टेनेन्स (प्री ल्फाइट अरेन्जमेन्ट) कार्यमा संलग्न मुख्य मुख्य व्यक्तिको योग्यता, अनुभव र उत्तरदायित्व :- ६ अंक

(स्वदेशी / विदेशी सम्झौताको आधारमा)

१. स्वदेशी दक्ष ६ (छ) अंक

२. विदेशी दक्ष ३ (तीन) अंक

(ङ) सुरक्षा निकाय / नागरिक उड्डयन प्राधिकरणसंग संचार सम्पर्क/ समन्वय कार्यमा संलग्न मूख्य मूख्य व्यक्तिको योग्यता अनुभव र उत्तरदायित्व : ६ अंक

१. स्वदेशी दक्ष ६ (छ) अंक

२. विदेशी दक्ष ३ (तीन) अंक

## अनुसूची-३
## निवदेन, इजाजत-पत्र र नवीकरण दस्तुर

१. इजाजत-पत्रको लागि लाग्ने निवेदन दस्तुर :

(क) मनोरञ्जनात्मक वायुसेवा संचालन गर्नका लागि **पाँच हजार रुपैयाँ**,

(ख) आन्तरिक वायुसेवा संचालन गर्नका लागि **दश हजार रुपैयाँ**,(तर निश्चित उडान क्षेत्र नतोकिएको चार्टर सेवा प्रदान गर्ने वा दुर्गम क्षेत्रमा रहेको कच्ची विमानस्थल(STOL) मा वायुसेवा संचालन गर्नका लागी तीन हजार रुपैयाँको व्यवस्था हटाउने)

(ग) अन्तर्राष्ट्रिय वायुसेवा संचालन गर्नका लागि पचास हजार रुपैयाँ,

(घ) हवाई उडान प्रशिक्षण संस्था (फ्लाईङ स्कूल) संचालन गर्नका लागि पाँच हजार रुपैयाँ,

(ङ) **वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था संचालन गर्नका लागि पाँच हजार रुपैयाँ,**

तर यो कार्यविधि लागु हुनु पूर्व परेका निवेदन यसै कार्यविधि अनुरुप भएको मानिने छ र त्यस्ता निवेदकलाई निवेदन दस्तुर लाग्ने छैन ।

२. इजाजत दस्तुर :

(क) मनोरञ्जनात्मक वायुसेवा संचालन गर्नका लागि **पचास हजार रुपैयाँ**,

(ख) आन्तरिक वायुसेवा संचालन गर्न प्रति उडान क्षेत्रको लागि **तीस हजार रुपैयाँ,** तर निश्चित उडान क्षेत्र नतोकिएको चार्टर सेवा प्रदान गर्ने वा दुर्गम क्षेत्रमा रहेको कच्ची विमानस्थल (STOL) मा वायुसेवा संचालन गर्नका लागी प्रति उडान क्षेत्रका **वीस हजार रुपैयाँ,**

(ग) **अन्तर्राष्ट्रिय वायुसेवा संचालन गर्नका लागि :-**

- **सेड्युल अन्तर्राष्ट्रिय उडान संचालन गर्न प्रति उडान क्षेत्रका लागि पाँच लाख रुपैयाँ,**
- **अन्तर्राष्ट्रिय नन्-सेड्युल तथा चार्टर यात्रु सेवा संचालन गर्ने एक सय भन्दा वढि सिट क्षमता भएका जेट विमानका लागि प्रति उडान क्षेत्र पचास हजार रुपैयाँ,**
- **अन्तर्राष्ट्रिय नन्-सेड्युल तथा चार्टर यात्रु सेवा संचालन गर्ने एक सय भन्दा कम सिट क्षमता भएका जेट विमानका लागि प्रति उडान क्षेत्र पच्चीस हजार रुपैयाँ,**
- **अन्तर्राष्ट्रिय नन्-सेड्युल तथा चार्टर यात्रु सेवा संचालन गर्ने टर्वो-प्रोप ( Turbo Prop.) विमान र हेलिकप्टरका लागि प्रति उडान क्षेत्रका लागि दश हजार रुपैयाँ,**
- **नियमित (नियमित) अन्तर्राष्ट्रिय कार्गो सेवा संचालन गर्ने एक लाख के.जी. भन्दा वढि उच्चतम उडान तौल (Maximum Take off Weight) भएका विमानका लागि प्रति उडान क्षेत्र पचास हजार रुपैयाँ,**
- **नियमित (रेगुलर) अन्तर्राष्ट्रिय कार्गो सेवा संचालन गर्ने एक लाख के.जी. भन्दा कम उच्चतम उडान तौल (Maximum Take off Weight) भएका विमानका लागि प्रति उडान क्षेत्र पच्चीस हजार रुपैयाँ ।**
- **अन्तर्राष्ट्रिय चार्टर्ड उडान भर्ने हेलिकप्टरबाट एकमुष्ठ रकम रु. १०,००,०००।- (दश लाख) ।**

(घ) *हेलिकप्टरवाट चार्टर सेवा संचालनका लागि एकमुष्ठ एक लाख रुपैयाँ,

(ङ) *हवाई उडान प्रशिक्षण संस्था (फ्लाइङ स्कूल) खोल्नको लागि :-

- सिमुलेटर वेगर (नन्-सिमुलेटर) प्रशिक्षण दिने भएमा एकमुष्ठ एक लाख रुपैयाँ,
- सिमुलेटर सहित कक्षा संचालन गर्ने गरी प्रशिक्षण दिने भएमा (सिङ्गल इन्जिन फिक्स वा रोटर दुवै) एकमुष्ठ दुई लाख रुपैयाँ,
- सिमुलेटर सहित कक्षा संचालन गर्ने गरी प्रशिक्षण दिने भएमा (मल्टी इन्जिन फिक्स वा रोटर दुवै) एकमुष्ठ तीन लाख रुपैयाँ,
- सिमुलेटर सहित कक्षा संचालन गर्ने गरी प्रशिक्षण दिने भएमा (जेट इन्जिन भए) एकमुष्ठ चार लाख रुपैयाँ ।

**(च) वायुयान र वायुयानका पार्टपूर्जा मर्मत सम्भार संस्था संचालन गर्नका लागि एकमुष्ठ पाँच लाख रुपैयाँ,**

३. नवीकरण दस्तुर : **ईजाजत-पत्र नवीकरण गर्नका लागि शुरु ईजाजत-पत्र दस्तुरको आधा** ।

* मन्त्रिस्तरीय मिति २०६२।५।९ को निर्णयबाट थप

नेपाले सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

सिंहदरवार

# वायुसेवा तथा हवाई उडान प्रशिक्षण सञ्चालन गर्न दिइएको इजाजत-पत्र

## अनुसूची-४

प.सं. फोन नं.

श्री................................ फ्याक्स नं.

...............................

मिति .............................. को निर्णयानुसार देहायका शर्तहरु पालना गर्ने गरी निम्न किसिमको वायुयान संचालन वा हवाई उडान प्रशिक्षण सञ्चालन गर्न यो इजाजत-पत्र दिइएको छ ।

१. इजाजत-पत्र प्राप्त संस्थाको :

(क) नाम र ठेगाना :

(ख) इजाजत-पत्र नम्वर :

(ग) इजाजतको अवधि :

२. सञ्चालन गर्ने संस्थाको किसिम :

३. वायुयानको किसिम र संख्या :

४. वायुयान प्राप्तिको तरिका :

५. उडान क्षेत्र र सिट क्षमता/उडान संख्या :

| देश | रुट क्षेत्र | सिट क्षमता | उडान संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६. संचालन मूख्य स्थान :

७. इजाजत-पत्र प्राप्त संस्थाले पालन गर्नु पर्ने शर्तहरु :

क) आन्तरिक वायुसेवा सञ्चालन गर्ने इजाजत-पत्र प्राप्त संस्थाको हकमा कम्तिमा दुईवटा वायुयानबाट सेवा सञ्चालन गर्नु पर्ने ।

(ख) अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन गर्ने इजाजत-पत्र प्राप्त संस्थाको हकमा कम्तिमा दुईवटा वायुयानबाट सेवा सञ्चालन गर्नु पर्ने । सो मध्ये एउटा वायुयान मध्यमदुरीको जेट इन्जिन भएको हुनु पर्ने ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "मध्यम दुरीको जेट इन्जिन" भन्नाले कम्तिमा एकहजार पाँचसय नटिकल माईल दुरी लगातार उडान भर्न सक्ने वायुयानलाई जनाउँनेछ ।

(ग) मित्रराष्ट्र देशहरुमा उडान स्विकृति लगायत अन्य कानूनी प्रावधान पुऱ्याउनु पर्ने दायित्व इजाजत-पत्र प्राप्त अन्तर्राष्ट्रिय वायुसेवा संस्थाको हुनेछ ।

(घ) नेपाल सरकारबाट समय समयमा जारी गरेको ऐन, नियम, नीति, आदेश पालना गर्नु पर्नेछ ।

(ङ) इजाजत-पत्र हराएमा रु. १०० दस्तुर लिएर प्रतिलिपि इजाजत दिन सकिनेछ ।

(च) इजाजत नविकरण नभएमा स्वत : खारेज हुनेछ ।

इजाजत पत्र दिने अधिकारीको :-
सही :
नाम :
पद :
मिति :
मन्त्रालय :

मन्त्रालयको छाप

## इजाजततपत्र नविकरण सम्वन्धी विवरण

| नविकरण गरेको मिति | नविकरण वहाल रहेन अवधि | नविकरण दस्तुर वुझाएको (भौचर वा रसिद नम्वर) | नविकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |